महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७८

# उर्लावारी नगरपालिका

# मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः २०७८/५/४
च.नं. ५८

श्री प्रमुखज्यू,
उर्लावारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्याः २०७८/७९

च.नं. ५१

मितिः २०७८/०५/४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
उर्लाबारी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
मोरङ्ग ।

**कैफियत सहितको राय**

हामीले उर्लाबारी नगरपालिका आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८/०२/२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४४ यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु.६ करोड ६० लाख ७ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ५२ लाख ७८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३८ लाख ५१ हजार र नियमित गर्नुपर्ने रु.३ करोड ६८ लाख ७८ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब-महालेखापरीक्षक

**उर्लावारी नगरपालिका**

**लेखापरीक्षण प्रतिवेदन**

**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, ७४.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ७० हजार ६०५ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चित कोषः** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

**प्रासी भुक्तानी हिसाव**

**२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म**

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ८९९६९८५९२.४३ | ६२८७३९२८६.०४ | ० | ६२८७३९२८६.०४ | ० | ० | ० |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६८०६१७३३६ | ५८९१७८९४७.६१ | ० | ५८९१७८९४७.६१ | ० | ० | ० |
| ११००० कर | ११ | १८०७५२९०१ | १०२७३८३५५.२० | ० | १०२७३८३५५.२० | ० | ० | ० |
| १३००० अनुदान | | ४५८१३०४२५ | ४४७३९४३८० | ० | ४४७३९४३८० | ० | ० | ० |
| संघीय सरकार | १२ | ४०८६१७००० | ४००५४८००० | ० | ४००५४८००० | ० | ० | ० |
| प्रदेश सरकार | १२ | ४६५१३४२५ | ४५९६४००० | ० | ४५९६४००० | ० | ० | ० |
| जनसहभागिता | | ३०००००० | ८८२३८० | ० | ८८२३८० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ४१७३३०१० | ३१०१२४०४.४१ | ० | ३१०१२४०४.४१ | ० | ० | ० |
| १५००० विविध प्राप्ति | | १००० | २९८९२७७ | ० | २९८९२७७ | ० | ० | ० |
| **ख. अन्य प्राप्ति** | | २१९०८१२५६.४३ | ३९५६०३३८.४३ | ० | ३९५६०३३८.४३ | ० | ० | ० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ३२३७५२५६.४३ | २८१२९५५२.४३ | ० | २८१२९५५२.४३ | ० | ० | ० |
| धरौटी | | ० | ११४३०७८६ | ० | ११४३०७८६ | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | १८६७०६००० | ० | ० | ० | ० | ० | ० |
| **भुक्तानी (ग+घ)** | | ९३३६१८६८१.४३ | ५३७३३७९१७.७५ | ० | ५३७३३७९१७.७५ | ० | ० | ० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७१४५३७४२५ | ५०६००२८९२.३५ | ० | ५०६००२८९२.३५ | ० | ० | ० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २०५२८७००० | १८४९३३९५१.०५ | ० | १८४९३३९५१.०५ | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १८८२३६५३० | ११९७८७६४०.३० | ० | ११९७८७६४०.३० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २५००० सहायता | १८ | ६७४५०२ | ३९९५०२ | ० | ३९९५०२ | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | १४९१००० | १४९१००० | ० | १४९१००० | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | ११५०००० | १०९१०९० | ० | १०९१०९० | ० | ० | ० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३१७६९८३९३ | १९८२९९७०९ | ० | १९८२९९७०९ | ० | ० | ० |
| **घ. अन्य भूक्तानी** | | २१९०८१२५६.४३ | ३१३३५०२५.४० | ० | ३१३३५०२५.४० | ० | ० | ० |
| कोषहरु | | ३२३७५२५६.४३ | २३७१३७११ | ० | २३७१३७११ | ० | ० | ० |
| धरौटी | | ० | ९६२६८२०.४० | ० | ९६२६८२०.४० | ० | ० | ० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | १६ | १८६७०६००० | ० | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | | (२००५५०६) | | (२००५५०६) | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | (३३९२००८९) | ९१४०१३६८.२९ | | ९१४०१३६८.२९ | ० | ० | ० |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १०८७१७१८५.८० | | १०८७१७१८५.८० | ० | ० | ० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (३३९२००८९) | २००११८५५४.०९ | | २००११८५५४.०९ | ० | ० | ० |
| बैंक तथा नगद बाकी | २४ | | २००५३३५५४.०९ | | २००५३३५५४.०९ | ० | ० | ० |

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | आर्थिक वर्ष-२०७६/७७ | |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ७०६१८००७.२८ ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । | |

स्थानीय तहको नामः *उर्लाबारी नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ११३६९०७०३.११ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १०८७१७१८५.८० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ४९७३५१७.३१ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु | ४९७३५१७.३१ |
| ३. | **बैक हिसाब मिलान नगरेको** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ । | |

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| संचित कोष | ९८८१५१८२.८६ | १६६०६८२०५.१४ | ६७२५३०२२.२८ |
| चालु खर्च खाता | ० | १८२१३६६.१५ | ० |
| पूँजीगत खर्च खाता | ० | १०७८८३५९ | ० |
| विविध कोष खाता | १०४८५५३.८० | ४११०५३८.८० | ३०६१९८५ |
| धरौटी | ६८१४७२२.७५ | ७१३७७२२.७५ | ३०३००० |
| | | जम्मा | ७०६१८००७.२८ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. १८२१३६६.१५, पुजीगत खर्च खातामा रु. १०७८८३५९ समेत गरी रु. १२६०९७२५.१५ मौज्दात | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | रहेको पाईयो ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| स्थानीय तहको नामः *उर्लाबारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर आंशिक मात्र परीक्षण गरेको पाइयो ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना, कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• **तलवी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ र प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. २०(२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलव भत्ता खर्च लेख्न नपाइने तथा तलवी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले आर्थिक वर्ष २०७६।७७ मा तलवी प्रतिवेदन पारित नगरि तलव भत्तामा रु. ३३५८७४८१/- खर्च लेखेको पाइयो । तलवी प्रतिवदेन पारित नभएकोले वास्तविक तलव तथा ग्रेड रकमको खर्च यकिन गर्ने अवस्था रहेन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता खर्च लेख्नु पर्दछ ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १५ ऐन, ५ नियमावली, २४ कार्यविधि ६ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

निर्देशिका र १ नर्म्स समेत ५१ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

५. **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षर उपप्रमुख श्री लक्ष्मी देवी भण्डारीले २०७६।३।१० गते रु. ७६ करोड ७५ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२४ मा पारित भएको छ । उक्त नगर सभा कानून बमोजिम नभएको उल्लेख गरी श्री उच्च अदालत विराटनगरमा रिट दायर भएकोमा सम्मानीत अदालतको मिति २०७६/८/४ को निर्णय अनुसार नगरसभा अमान्य रहेको आदेश बमोजिम कार्यालयले पुन २०७६/९/२ मा रु. ७६ करोड ७५ लाख ४९ हजार बजेट पारित गरेको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| | कूल खर्चः | १९८२९९ | ६३८३ | ४४००५ | १४६९१५ | |

७. **क्षेत्रगत बजेट र खर्च**- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ४८९८९०४२ | ३१०४७९३२ | ६३.३८ |
| सामाजिक क्षेत्र | २९७०६२२५३ | २३८२७१७३७ | ८०.२ |
| पूर्वाधार विकास क्षेत्र | १४९३९३९९२ | १५७०१९०६४ | ६२.९६ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २७१४६१३८ | ११३१७९९३ | ४१.६१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ९१९४६०० | ६८३४६२३५ | ७४.३३ |
| **जम्मा** | **५३१७८६०२५** | **५०६००२९६१** | |

उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

७.१. **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ३३६०३३२४.८३ राजस्व बाँडफाँड र अनुदानबाट रु ५६३७७८७०३.७५ समेत रु ५९७३८२०९८.४८ आम्दानी

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | भएकोमा चालु तर्फ रु ३०७७०३१८३.३५ र पूँजिगत तर्फ रु १९८२९९७०९/- र बित्तिय ब्यबस्था तर्फ समेत रु ५०६००२८८२.३५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६.६४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ८२९८०००/- खर्च भएको छ जुन आन्तरिक आयको २४.७० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.५३ प्रतिशत चालु र ६२.४१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| | • **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| ८. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३४ जना कर्मचारीहरु करारमा राखी रु. १२९३७६४८/- खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. २५१६८००/- भुक्तानी गरेको अनियमित देखएको रु. | २५१६८००/- |
| ९. | **कर्मचारी प्रोत्साहन भत्ता** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष मासिक रु. ४०००/- का दरले श्रावण देखि बैशाख सम्म रु. २९५७२७९/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | २९५७२७९/- |
| १०. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३४ र यो बर्ष थप भएको १९६ गरी कुल २३० विवाद दर्ता भएकोमा १२० वटा मात्र फछ्र्यौट भई ११० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ११. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७८।१।१० मा सम्पन्न गरेको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएका | |

| स्थानीय तहको नामः *उर्लाबारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | व्यहोराहरु लेखापरीक्षणको अवधि सम्म असुल फछ्र्यौट र नियमित नभएकोले प्रतिवेदनमा समावेश गरिएको छ । | |
| ११.१. | कार्यालयबाट कार्यक्रमको लागि विउ विजन लगायतका सामाग्री खरिद गर्दा सूचीकृत फर्म र स्रोत केन्द्र समेत यकिन गरेरमात्र गर्नुपर्ने व्यवस्था छ । कुसवाह मेडिकोबाट २०७६/१०/१७ मा विउ विजन रु. १६०५००/- खरिद गरी भुक्तानी गरेको र उक्त विउ वितरण गरेकोमा रु. ३७१२/- विल भरपाई भन्दा बढी भुक्तानी गरेको रु. | ३७१२/- |
| ११.२. | भौ.नं. २४०, कार्यालयले सवारी साधन मर्मत गराउनु अघि मर्मत आदेश स्वीकृत गरी सबै भन्दा घटीवालाबाट कार्य गराउनुपर्नेमा ३ वटा फर्म मर्मत सेन्टरबाट दरभाउ पत्र लिई रु. १९०८००/- उक्त कार्य गराई भुक्तानी गरेकोमा तुलनात्मक चार्ट तयार गर्दा दररेटको प्रस्ताव भन्दा फरक गरी तुलनात्मक विवरण बनाएकोले खरिद कार्य प्रतिस्पर्धात्मक मान्ने आधार देखिएन । दररेट रकमलाई यथार्थ रुपमा गणना गर्नुपर्दछ । | |
| ११.३. | कार्यक्रम संचालन गर्न खरिद गरिएका विउ विजन वितरण गर्दा सम्बन्धित कृषकले बुझिलिएको परिमाण सहितको भरपाई समावेश गरेरमात्र वितरण गर्नुपर्नेमा पशुपति कृषि भण्डारलाई विज वितरणको रकम भुक्तानी गर्दा उक्त भण्डारबाट कृषकले बुझिलिएको भरपाई समावेश नगरी भुक्तानी दिएकोले विउ प्राप्त गर्ने कृषकको भरपाई पेश हुनुपर्ने रु. | १०९२९५/- |
| ११.४. | बसन्त कुमार शाहलाई स्वीकृत भ्रमण अवधि भन्दा बढी अवधिको दैनिक तथा भ्रमण भत्ता वापत नियम अनुसार पाउने रकम भन्दा बढी भुक्तानी दिएको रु. | १६००/- |
| ११.५. | कार्यक्रम संचालनको लागि खरिद गरिएको एग्रोनेट वितरण सम्बन्धी भरपाई पेश नभएको रु. | १०१२५०/- |
| ११.६. | विल विजकको भुक्तानी गर्दा सक्कल विजक लिई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जानकी टेक्नोलोजी प्रा.लि.लाई रु. ३२७७/- भुक्तानी गरेकोमा सक्कल विजक पेश नभएको रु. | ३२७७/- |
| ११.७. | • **संघीय शशर्त तर्फः** | |
| ११.८. | पशु स्वास्थ्य कार्यक्रम अन्तर्गत २०७६ मंसिर र पौष महिनामा ५ हप्ताको सर्भिलिङ बुझाएकोमा ८ हप्ताको सर्भिलेन्स रिपोर्ट पेश गरेको र खाजा खर्च वापत बढी भुक्तानी गरेको रु. | १०५००/- |
| ११.९. | भोगिन्द्र धिमाललाई डोर हाजिरी अनुसार दैनिक दर गणना भन्दा बढी रु. ३५०/- बढी भुक्तानी लेखेकोले असुल हुनुपर्ने रु. | ३५०/- |
| ११.१०. | दुर्गा माता सडक कालोपत्रे कार्यको भुक्तानी गर्दा रु. ९१९०३०/- को विल विजक रहेकोमा रु. ९३९३६५/- खर्च लेखि भुक्तानी गरेकोले बढी भुक्तानी गरिएको रु. | २००००/- |
| | • **पदाधिकारी सुविधा** | |
| १२. | **खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. १७९१४०६/- खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १३. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष २२ व्यक्ति एवं संघ संस्थालाई रु. १७५४१०२/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| | • **अनुदान प्राप्ति, वितरण र फिर्ता** | |
| १४. | **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा संघ शशर्त तर्फको रु. ३७७३०७५६.२८ लाई कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङमा २०७६।४।१४ मा र प्रदेश शशर्त तर्फको रु. १९५२२६६६/- २०७७।३।३१ मा प्रदेश लेखा नियन्त्रक कार्यालयको नाममा जम्मा गरेको दाखिला भौचरबाट देखिएको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २४१९४८००० | २०४२१७२४३.७२ | ३७७३०७५६.२८ (२०७६।४।१४) |
| | अन्य | १५८६००००० | ११२३०४६६० | ४६२९५३४० |
| **जम्मा** | | **४००५४८०००** | **३१६५२१९०३.७२** | **८४०२६०९६.२८** |
| प्रदेश सरकार | शसर्त | २५३३३००० | १२८४६०९२ | १२४८६९०८ |
| | विषेश | २९९१००० | २९४८८२६ | ४२१७४ |
| | समपुरक | १००००००० | ३००६८१६ | ६९९३१०८४ |
| | अन्य | ७६४०००० | ६८०४९४९ | ८३५०५१ |
| **जम्मा** | | **४५९६४०००** | **२५६०६६८३** | **८३२९५२१७** |

१५. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेका छन् । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

- **कर दस्तुर एवं आन्तरिक आय**

१६. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार २ व्यवसायिबाट रु. ८४६६४५०/- असुल गर्ने बाँकी रहेको छ ।

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल कन्ट्रस्क्सन | नदी जन्य पदार्थ | २७१५०००००० | १९००५००० | ८१४५००० |
| २ | | विज्ञापन | ६३२१००० | ३१८४५० | ३२१४५० |
| | | | | **जम्मा** | ८४६६४५० |

तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । नियमानुसार कारवाही असुल गर्नुपर्दछ ।

**आय ठेक्का (नदी जन्य तर्फ)**

१७. **संयुक्त ठेक्काको आयः** नदीजन्य पदार्थको उत्खनन् र विक्रिको लागि रतुवा मावा खोलामा दमक नगरपालिका-उर्लावारी नगरपालिका-मिक्लाजुङ गाउँपालिका-चुलाचुली गाउँपालिका र कमल

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | गाउँपालिकाको संयुक्त ठेक्का समेत बन्दोवस्त भई नदीजन्य पदार्थ विक्रि सम्बन्धी कार्य भएको विक्रि शुल्क रसिदबाट देखिएको छ । तर सो ठेक्काबाट यो वर्ष नगरपालिकाले प्राप्त गर्नुपर्ने आय प्राप्त गरेको र सो रकम नगरपालिका संचित कोष खातामा जम्मा गरेको प्रमाण अभिलेख तथा आम्दानीको विवरण पेश नभएकोले यस सम्बन्धमा विश्लेषण गर्न सकिएन । | |
| १८. | **नगरपालिकातर्फः** नदीजन्य पदार्थको उत्खनन् र विक्रि गर्ने कार्य व्यक्तिगत व्यवस्थापनबाट गराउने गरी ५ वटा खोला तथा सो खोलाका नाकाहरुबाट उत्खनन् गर्न बन्दोवस्त गरी ठेक्का आह्वान भएकोमा २०७६।९।१८ गते खोलिएको वोलपत्रमध्ये पूर्वाञ्चल कन्ट्रक्शनको रु. २७१५००००/- कवुल अंकको ठेक्का स्वीकृत भएको छ । सूचनाको शर्त अनुसार ठेक्का कवोल गर्नेले सम्झौता गर्दा तोकिएको आधारमा जमानत लिई सम्झौता गर्नुपर्नेमा २०७६।१०।३ मा पूर्वाञ्चल कन्स्ट्रक्सनलाई ठेक्का बन्दोवस्तको पट्टाजारी गर्दा दोश्रो किस्ताको बैंक ग्यारेन्टी नलिई तथा मू.अ.कर र अग्रिम कर वापतको पुरै रकम दाखिला नगरी संकलन इजाजत (पट्टा) दिएको छ । ठेक्का खोला कवुल गर्ने निर्माण व्यवसायीले दोश्रो किस्ता वापतको रकम माघ मसान्त भित्र बुझाउनु पर्नेमा सो अनुसार नबुझाई ढिलो बुझाएको छ । मू.अ.कर रकम रु. ३५२९५००/- मध्ये रु. १४११८००/- मात्र दाखिला गरेको र बाँकी रु. २१८७७००/- दाखिला गर्न बाँकी देखिएकोले असुल गर्नुपर्ने रु. | २१८७७००/- |
| १९. | ठेक्का कवुल कर्ताले २०७६।१०।२ मा रु. १०८६००००/- र २०७६।१२।४ मा रु. ८१४५०००/- गरी जम्मा रु. १९००५०००/- बुझाएकोमा रु. ८१४५०००/- बुझाउन बाँकी देखिएकोले असुल गर्नुपर्ने रु. | ८१४५०००/- |
| १९.१. | **शर्त पालना स्थितीः** नदी जन्य पदार्थ उत्खन गर्ने निर्माण व्यसायीसँग भएको सम्झौताको शर्तमा कर उठाउदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई गरी अनिवार्य रुपमा प्रमाणित गराई राख्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष छपाई गरेको संख्या र प्रयोग गरिएको रसिदको विवरणको अभिलेख पेश भएन । शर्तमा खोला अन्य पदार्थको उत्खनन् परिमाणको विवरण प्रत्येक महिना नगरपालिकालाई उपलब्ध गराउनुपर्ने व्यवस्था भएकोमा सो अनुसारको विवरण नबुझाएको, पट्टाको शर्तमा मेशिनबाट उत्खनन् गर्न पाउने व्यवस्था राखी एक्साभेटरबाट उत्खनन् गर्न अनुमति दिएको छ ।<br>एक्साभेटरबाट उत्खनन् गर्ने तर मासिक परिमाण नबुझाउने, उत्खनन् गर्ने पदार्थको किसिम नतोकिएको, कुल परिमाण मात्र तोकिएकोमा सम्झौताको शर्त पालना नगरी नगराई प्राकृतिक श्रोतको उत्खनन् र विक्रि गरेकोमा सम्झौता परिमाण भन्दा बढी परिमाण उत्खनन् र विक्रि भए नभएको सम्बन्धमा पालिकाले यकिन गर्नुपर्दछ । शर्त भन्दा बढी परिमाणको विक्रि र उत्खनन् भएमा सम्झौता अनुसारको थप रकम असुल गर्नुपर्दछ । | |
| १९.२. | **आइटम र परिमाण नछुट्टीएको ठेक्काः** नदीजन्यय पदार्थ संकलन र विक्रिको लागत अनुमान र ठेक्का बन्दोबस्ट गर्दा स्वीकृत आई.ई.ई प्रतिवेदनमा तोकिएको ढुँगा गीट्टी, वालुवा अन्य श्रोत मध्ये के कति परिमाण कून कून नाकाबाट संकलन र विक्रि गर्न सकिने सो आधारमा ठेक्कापट्टाको लागि परिमाण कायम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले नदीजन्य पदार्थ संकलन र विक्रि गर्ने सुचनामा ढुँगा, गीटी, वालुवा, रोडा भरौट, माटो संकलन ठेक्का ई विडिङ मार्फत आह्वान गर्दा ५ वटा नदीबाट १२५४६३ घनमीटर परिमाण मात्र उल्लेख गरी न्युनतम रकमको सूचना गरेको छ । उत्खन्नको लागि विवरण तयार गर्दा खोलाको नाम र नाका उल्लेख गरेको भएतापनि पदार्थहरुको परिमाण खुलाएको पाइएन । ठेक्का प्राप्त गर्ने व्यक्ति/फर्मले कुन कुन पदार्थको संकलन र विक्रि गर्न सक्ने सोको परिमाण नै यकिन नगरी ठेक्का लगाएकोले आई.ई.ई प्रतिवेदन | |

स्थानीय तहको नामः *उर्लाबारी नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अनुसार उत्खननको सीमा भित्र रहेको मान्ने आधार देखिएन । | |
| २०. | विज्ञापन कर वापत ठेक्का वापत रु. ६३६९००/- कवुल गरेको मध्ये रु. ३१८४५०/- मात्र असुल भै रु. ३२१४५०/- असुल हुन बाँकी रहेकोले असुल गर्नुपर्ने रु. | ३२१४५०/- |
| २१. | **अमानतबाट संकलनः** कार्यालयले ६ वटा खोलाबाट संकलन र विक्रिको ठेक्का बन्दोवस्त हुनुअघि २०७६।७।२४ देखि २०७६।१०।३ सम्म अमानतबाट (कार्यालय कर्मचारी) रु. १८१०९३७/- आय गरेको देखाएको छ । उक्त अवधिमा कार्यालयले विभिन्न नाकामा बाह्य व्यक्ति तथा कर्मचारीलाई दैनिक खाजा खर्च भुक्तानी गर्ने र नाकामा खटिएका कर्मचारीबाट संकलन भएको रकम नगर प्रहरीले बुझिलिने तथा बैंक दाखिला गर्ने गरेको छ । लेखापरीक्षणमा प्राप्त संकलन देखाएको रजिष्टरको आधारबाट गणना गर्दा रु. १८४०९२६/- संकलन र बैंक भौचर अनुसार रु. १८१०६२६/- देखिएकोले फरक देखिएको रु. ३००००/- सम्बन्धमा पुन यकिन गर्नुपर्दछ रु. | ३००००/- |
| २२. | कार्यालयमा प्रयोग गरिने नगदी रसिदहरुको लगत विवरण अद्यावधिक गरी रसिद नियन्त्रण खाता खडा गर्नुपर्ने व्यवस्था छ । उक्त अवधिमा नाकामा खटिएका कर्मचारीहरुले संकलनको लागि प्रयोग भएका नगदी रसिद तथा दैनिक संकलन भै रसिद अनुसारको पुरै रकम दाखिला भए नभएको तथा बाँकी रसिदको विवरण रसिद नियन्त्रण खाताबाट रसिद आम्दानी खर्च र बाँकी विवरण पेश नभएकोले यकिन गर्न सकिएन । | |
| २३. | **बैंक दाखिलाः** अमानतबाट संकलन गरिएको राजस्व सोही दिन वा सोको भोलिपल्ट श्रेस्ता तयार गरी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । रजिष्टरको परीक्षणमा २०७६।९।२८ मा रु. ८९९२०/- जम्मा गरेको र सो मिति पछि २०७६।१०।५ मा मात्र रकम दाखिला गरेको छ । उक्त दिन रु. १२१८३५/- दाखिला गरेकोमा संकलन रजिष्टरमा २०७६।९।२८ पछि २०७६।१०।३ सम्म रु. ५५२७८/- मात्र संकलन भएको उल्लेख गरेकोले रजिष्टरबाट देखाइएको आम्दानी समेत यथार्थ रहेको मान्ने आधार देखिएन । | |
| २४. | कार्यालयले कृषि तथा पशु बजार ठेक्का वापत २०७६।४।१८ मा न्यूनतम ठेक्का अंक रु. १७०००००/- कायम गरी ठेक्का आह्वान गरेको र उक्त ठेक्काको दोश्रो पटक २०७६।७।८ मा रु. ९५७०००/- कायम गरी ठेक्का आह्वान गरेकोमा उक्त ठेक्काको निर्णय नगराई छाडेको पाइयो । ठेक्काको निर्णय समयमा नहुँदा आयमा परेको असरका सम्बन्धमा छानविन गरी सम्बन्धितलाई जिम्मेवार बनाइनुपर्दछ । | |
| २५. | **लागत अनुमान र ठेक्का परिमाणः** नदीजन्य पदार्थको ठेक्का आह्वान गर्न लागत अनुमान तयार गर्दा १८४६६३ घ.मी. वरावरको परिमाण उत्पादन गर्ने गरी रु. ३२२९३०००/- प्रस्तावित न्यूनतम अंक कायम गर्ने गरी तयार गरिएकोमा ठेक्का आह्वान गर्दा उक्त परिमाण घटाई १२५४६३ घ.मी. मात्र गर्ने गरी २०७६।८।२१ मा सूचना प्रकाशन गरेको छ । सोही परिमाणको आधारबाट वोलपत्रदाताले रु. २७१५००००/- मात्र कवुल गरी २०७६।१०।३ मा ठेक्का बन्दोवस्त भएकोमा कार्यालयले २०७६।१०।१० देखि नै ४ वटा नाकामा ४ एक्साभेटर प्रयोग गरी उत्खनन् गर्न परिमाण र दिन समेत स्वीकृत गरी पठाएको पाइयो । ठेक्का अवधि २०७६।१०।३ देखि २०७७ जेष्ठ मसान्त १४६ दिन रहेको मध्ये मेशिनबाट उत्खनन् गर्ने अवधि निम्नानुसार स्वीकृती दिएको छ । | |

| नाका | मेशिनबाट निकाल्ने परिमाण | मेशिन संचालन दिन |
|---|---|---|
| खोर्नानी वारी/ विशाल टोल | २२५०० | ९० |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | |
|---|---|---|
| झारसादी (कर्किनी बाटो) | १९२५० | ७७ |
| सुनभोडा नाका | १०७५० | ४३ |
| मानकत्ले नाका | ११५०० | ४६ |

२६. उपभोक्तानुसार दैनिक २५० घ.मी. को दरबाट मेशिनबाट उत्खनन् इजाजत दिएको र बाँकी अवधिमा समेत ठेक्का कवुल कर्ताले सम्झौता अनुसार नगरपालिकाबाट रसिद छपाई गरी प्रमाणित नगराएको, रसिद नियन्त्रण खाता पेश नभएको र मासिक उत्खननको विवरण समेत पेश नगरको साथै कार्यालयले ठेक्का लगाउदा खोलाको लम्वाई चौडाई र गहिराईको आधारमा उत्खनन् गर्ने गरी पुरै क्षेत्रफल छाडेकोमा उक्त क्षेत्रफलबाट ठेकेदारले उत्खनन् गरेको परिमाण नै नलिई सम्झौता परिमाण मात्रको आधारमा विक्रि मूल्य असुल गर्ने गरी ठेक्का बन्दोवस्त गरेकोले र कार्यालयबाट उत्खनन् पश्चात (ठेक्का अवधि पछि) सो क्षेत्रको नापजाँच गरी प्रतिवेदन तयार नगरेकोले नदीजन्य पदार्थको संकलन र विक्रि गर्ने कार्यको लागत अनुमान परिमाण गणनाको आधार यथार्थ देखिएन । यो वर्ष कार्यालयले निम्नानुसार नदीहरुको क्षेत्रनै निर्माण व्यवसायीलाई उत्खनन्न गर्न दिएको पाइयो ।

| खोलाको नाम | नाका | क्षेत्रफल | | | आई.ई.ई बमोजिम उत्खनन् गर्न सकिने |
|---|---|---|---|---|---|
| | | लम्वाई | चौडाई | गहिराई | |
| सुनभोडा खोला | सुनभोडा | ८९० मी. | २० मी. | ०.८५ मी. | १५१३० घ.मी. |
| सोल्टि खोला | कन्दिचौक नाका थापडागी नाका | २००० मी. | १० मी. | ०.८५ मी. | १७००० घ.मी. |
| मिक्लु खोला | मानेकत्ले नाका (टांडी रोड) | ५०० मी. | ३३.३४ मी. | १.१० मी. | १८३३३ घ.मी. |
| नुनसरी खोला | झारसादी नाका | ११२० मी. | ५० मी. | ०.६७ मी. | ३७५०० घ.मी. |
| बक्राहा खोला | खोर्सानी वारी नाका चारघरे नाका | ११७२ मी. | ५३.३४ मी. | ०.६० मी. | ३७५०० घ.मी. |

उपरोक्तानुसार क्षेत्रफलबाट अनुमति परिमाण उत्खनन् गर्ने गरी परिमाणको आधारमा उत्खनन्बाट प्राप्त हुने ढुंगा, बालुवा, गीटी, माटो नखुलाईएको र ठेकेदारले विक्रि विवरण र रसिद छपाई गरी न.पा.मा पेश नभएको, मासिक उत्खनन् विवरण मेशिन र मानिस दुवैबाट उत्खनन् गरेकोले बढी परिमाण भए नभएको सम्बन्धमा अनुगमन र नापजाँच प्रतिवेदन पेश नगरेकोले यस सम्बन्धमा पुन छानविन गरी शुरु लागत अनुमान परिमाण र ठेक्का आह्वान गर्दा देखिएको परिमाण र उत्खनन् परिमाण सम्बन्धमा यकिन हुनुपर्दछ । अनुगमनबाट बढी परिमाण विक्रि भएको वा स्टकमा राखेको पाइएमा सम्झौता दरबाट थप रकम असुल गर्नुपर्दछ ।

- **न.पा. पूँजीगत तर्फः**

२७. **भेरिएसन स्वीकृती वेगरको भुक्तानीः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ अनुसार खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई दफा ५४ बमोजिम नगरपालिकाले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा नियमावलीको प्रकृया पुरा गरी भेरिएसन स्वीकृत गर्ने अधिकारीले प्रमाणित गरेको हुनुपर्ने व्यवस्था छ । कार्यालयले साविकमा निर्माण सम्पन्न भएका ब्लक १ र ब्लक २ का भवनहरुको माथी तला थप गर्ने गरी २०७५।८।२ मा रु. २७०६१४३२.३३ मा १८ महिना भित्र निर्माण गर्ने सम्झौता भएको ठेक्काको यो वर्ष सम्म रु. ३०४०२८७८.४० भुक्तानी भएको छ । उक्त भवनको शुरु सम्झौता भन्दा बढी भुक्तानी गरेकोमा पहिलो भेरिएसनबाट रु. १००१९२५.९४ थप गरेकोमा दोश्रो भेरिएसनबाट सिभिल, स्थानीटरी र इलेक्ट्रिकल तर्फका

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | थप कामको लागि उल्लेख गरी लागत अनुमानको १२.९२ प्रतिशत भेरिएसन गर्नुपर्ने प्रस्ताव २०७६।११।१२ मा इन्जिनियले पेश गरेको पाइयो । सोही प्रस्तावलाई लेखा अधिकृतबाट राय पेश भएको आधारमा कार्यालयले चौथो तथा अन्तिम विलको क्रमशः रु. ८२००३०४.०३ र रु. ७१३६५७२.२८ समेत जम्मा रु. १५३३६८७६.३१ भुक्तानी गरेको पाइयो । उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को दफा १२२ बमोजिम दफा ५४ का अधिकारीले भेरिएसन स्वीकृत नगरी भुक्तानी गरेको कार्य अनियिमत देखिएको रु. | १५३३६८७६.३१ |
| २८. | **भेरिएसनको तुलनात्मक विवरणः** उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२२(२) मा भेरिएसन जारी गर्दा खुलाउनुपर्ने कुराको व्यवस्था गरी निर्माण कार्यको ड्रइङ डिजायन परिवर्तन, भेरिएसन परिमाणको प्राविधिक पुष्टयाई, लागत अनुमानमा पर्ने प्रभाव र सोको प्रतिशत स्वीकृत बजेट र कार्यक्रमको बारेमा समेत उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार तुलनात्मक विवरण वेगर नै भेरिएसन सम्बन्धी प्रतिशत कायम गरी भुक्तानी प्रस्ताव गरी सोलाई स्वीकृत नै नगराई खर्च गरेकोले खरिद नियमावलीको व्यवस्था बमोजिम भेरिएसन सम्बन्धी प्रकृया पुरा गरेको प्रमाण पेश हुनुपर्दछ । | |
| २९. | **म्याद थपः** उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को दफा १२४ मा खरिद सम्झौताको म्याद थप सम्बन्धी व्यवस्था छ । नियमको उक्त व्यवस्थामा खरिद सम्झौताको म्याद समाप्त हुन ७ दिन अगावै निवेदन दिनुपर्ने र निवेदन प्राप्त भएपछि निवेदनमा उल्लेखित कारण मनासिव देखिएमा ६ महिना अवधि वोलपत्र स्वीकृत गर्नेले र सो भन्दा बढीको अवधि प्रमुखले थप गर्न सक्ने छ भन्ने व्यवस्था छ । यो ठेक्काको म्याद २०७७।२।१ सम्म मात्र रहेको छ । उक्त अवधि पछि निर्माण व्यवसायीको म्याद थप गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । तर कार्यालयले निर्माण व्यवसायीको म्याद थप वेगर २०७७।३।३० मा अन्तिम विल वापत उल्लेख गरी रु. ७१५६५२७.२६ भुक्तानी गरेको पाइयो । खरिद नियमावलीको नियम १२५ मा सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था बमोजिम ढिला कार्य गरेको अवधि ६० दिनको हुने रु. ९१२०८६.३४ असुल हुनुपर्दछ रु. | ९१२०८६.३४ |
| ३०. | **कार्य सम्पन्न प्रतिवेदनः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२९ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धीत निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजविल्ट) नक्सा नगरपालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । यो निर्माण कार्यको अन्तिम विल उल्लेख गरी निर्माण व्यवसायीले भुक्तानी माग गरेकोमा कार्यालयले रनिङ विल मात्र उल्लेख गरी कामको नापजाँच समेतको फाइनल विल तयार नगरी भुक्तानी गरेकोले नियमको उक्त व्यवस्थाको पालना नभएको साथै फाइनल विलको काम समेतलाई रनिङ विल मात्र तयार गरी भुक्तानी सिफारिस गर्नेलाई जिम्मेवार बनाइनुपर्दछ । | |
| ३१. | भौ.नं. १४/२०७६/८/२९, तेश्रो रनिङ विल वापत मू.अ.कर विजक अनुसार रु. ५४३१४६०.२५ मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयले उक्त विलको भुक्तानी रु. ५५५१६२५/- गरेकोले विजक भन्दा बढीको भुक्तानी यकिन गरी असुल गर्नुपर्ने रु. | १२०१६५/- |
| ३२. | **विल भुक्तानी आधारः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२७ (२) मा विल विजकको भुक्तानी सम्बन्धी व्यवस्था छ । कार्यालयले पथरी-शनिचारे नगरपालिकाले सुनभोडा खोलामा बनाउने प्रस्तावित पुलमा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न परामर्शदाता छनौट गरी वि.एम.एस. नेपालसँग सम्झौता गरेको र उक्त न.पा.को नाममा | |

<table>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>परामर्शदाताले जारी गरेको कर बिजकको प्रतिलिपी समावेश गरी पथरी शनिश्चेर न.पा.ले पठाएको पत्रको आधारमा सोही बिल संलग्न गरी परामर्शदातालाई ५०००००/- भुक्तानी गरेको पाइयो । कार्यालय र पथरी-शनिश्चेरे न.पा. विच कामको लागत बाँडफाँड सम्झौता नभएको र परामर्शदातासँगको काम गराउने सम्झौता अन्य निकाय (पथरी-शनिश्चेर) बाट भएको कामको भुक्तानी गरेकोले सो खर्च यकिन गर्ने सम्झौता र अन्य आधार प्रमाण पेश हुनुपर्दछ रु.</td><td>५०००००/-</td></tr>
<tr><td></td><td>न.पा. चालु तर्फः</td><td></td></tr>
<tr><td>३३.</td><td>पशु कार्यक्रम तर्फः पशु सेवा कार्यक्रम संचालन निर्देशिका अनुसार कार्यक्रम अन्तर्गत वितरण गरिने पशुपंक्षीको स्वास्थ्य परिक्षण गराएर मात्र वितरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वडा नं. ८ मा एकल महिलालाई बंगुर वितरण सम्बन्धी कार्यक्रम अन्तर्गत २८ परिवारलाई २८ बंगुर पाठा खरिद गरी रु. २४७०००/- भुक्तानी गरिएकोमा खरिद गरिएका पशुहरुको स्वास्थ्य परीक्षण वेगर नै लाभग्राहीलाई वितरण गरेको छ ।</td><td></td></tr>
<tr><td>३३.१.</td><td>भौ.नं. ६६/२०७६/७/२४, विष्णु प्रसाद भट्टराईको नाममा पेश्की दिई १०० प्रतिशत अनुदानमा हिंउदे घाँसको विउ वितरण कार्यक्रम २०७६।९।२४ मा २५५० केजी खरिद गरी रु. २२२५००/- भुक्तानी गरेकोमा शत प्रतिशत अनुदानमा घाँसको विउ उपबल्ध गराउने निर्णय र कार्यक्रम संचालन निर्देशिका पेश नभएको रु.</td><td>२२२५००/-</td></tr>
<tr><td>३४.</td><td>यातायात गुरुयोजना तयारी प्रतिवेदनः भौ.नं. ८/२०७६/८/२९, कार्यालयले यातायात गुरुयोजना तयार गर्ने कार्य वि.एम.एस. नेपालबाट गराउन २०७५।७६ को स्वीकृत योजनाबाट २०७५।९।२ मा सम्झौता भई कार्य प्रारम्भ गरेकोमा तोकिएको अवधि भित्र कार्य सम्पन्न गरेको पाइएन । यो वर्ष परामर्शदाताको कामको भुक्तानी गर्न तयार गरिएको टिप्पणीमा उक्त योजना २०७५।७६ बाट क्रमागत योजनामा नगरसभाबाट पारित नगरेकोले नगर कार्यपालिका समक्ष पेश हुने गरी सदर (प्र.प्र.अ.) गरेको आधारमा रकम भुक्तानी दिएकोमा उक्त कार्यको म्याद थप वेगर भुक्तानी गरेको अनियमित रु.</td><td>३४४१६९/-</td></tr>
<tr><td>३५.</td><td>कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल वि शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर</td><td>३५५००००</td><td>३३११४४३</td><td>९३.२५</td></tr>
<tr><td>घरजग्गा कर</td><td>१२५०००००</td><td>२७२१७५९०</td><td>२१७.७४</td></tr>
<tr><td>व्यवसाय कर</td><td>३२२९०००</td><td>२५७१७२०</td><td>७९.६४</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>८१०००००</td><td>४०८८३७७</td><td>५०.४७</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३६.</td><td>मूल्य अभिवृद्धि कर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूनी १ मा उल्लेख भएका सेवा तथा बस्तु तथा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी कर छुट हुने भनी उल्लेख भएको बस्तु तथा सेवा बाहेकका बस्तुमा मू.अ.कर छुट दिन नहुने व्यवस्था छ । जस अनुसार पालिकाबाट प्रकृतिक श्रोत बिक्रीलागि बन्दोबस्त भएको ठेक्कामा विक्री मूल्यमा लाग्ने मूल्यमा अभिवृद्धि कर छुट दिन मिल्ने देखिदैन् । तसर्थ पालिकाले आय ठेक्कामा देहायअनुसार रु.</td><td></td></tr>
</table>

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

२३७७७००/- असूली गर्दा नियमानुसार हुने रु. ३०९४९९/- मूल्य अभिवृद्धि कर रकम असुल गरेका छैनन् ।

| ठेकेदारको नाम | आय ठेक्काको विवरण | प्यान नं. | सम्झौता रकम | मुअकर छुट रकम |
|---|---|---|---|---|
| | शुक्रबारे बजार ठेक्का | | ३२७००० | ४२५१८ |
| | शनिवारे बजार ठेक्का | | २६५०० | ३४४५ |
| | शनिवारे वडा नं. ३ | | १४०००० | १८२०० |
| | पूर्वाधार सेवा शुल्क | | १२४७३०० | १६२१४९ |
| | विज्ञापन आय ठेक्का | | ६३६९०० | ८३१८७ |
| | | | **जम्मा** | **३०९४९९** |

यस्तो मूल्य अभिवृद्धि कर रकम असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रु. ३०९४९९/-

- **उपभोक्ता समिति मार्फत कार्य**

३७. **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३८. **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३९. **समपुरक कोष तर्फः** शशर्त अनुदानबाट सनपकुवा मा.वि. वेतेनि सिमसार सडक कालोपत्रे गर्न शिवजी निर्माण सेवासँग गर्न २०७७।२।१० मा रु. १०३७९८६२/- मा २०७७।३।२० सम्म अवधि राखी सम्झौता भएको छ । उक्त कामको दोश्रो रनिङ विल सम्म रु. ४७४२५८५/- मा को कार्य गराई भुक्तानी गरेको र बाँकी काम पुरा नभएकोमा योजनाको म्याद थप समेत नगरी छाडिएको छ । सडक निर्माणमा कालोपत्रे समेतको आइटम राखी सम्झौता भएकोमा ड्रेन र अन्य सववेस सम्मको काम गराएकोले स्वीकृत ड्र‍इङ डिजायन र स्टिमेट बमोजिमको कार्य पुरा नगरी, म्याद थप नगराई छाडेकोले नियम अनुसार लाग्ने पूर्व निर्धारित क्षतिपूर्ती असुल गरी बाँकी कार्य गराउनु पर्दछ ।

- **शशर्त अनुदान तर्फः**

४०. **सेनिटरी प्याडः** भौ.नं. १४९/२०७७/३/२३, शशर्त तर्फबाट प्राप्त रकम खर्च गर्दा तोकिएको आधारमा गर्नुपर्ने व्यवस्था छ । विद्यालयमा अध्ययनरत तोकिएका उमेर समुहका छात्राहरुलाई

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | विद्यालयमा रहेको सेनिटरी प्याड व्यवस्थापन इकाइले खरिद गरी वितरण गरिने व्यवस्था छ । उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२ मा मालसामानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेशनको आधारमा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष कार्यालयले २४४७९ पिस रु. ७२/- का दरले रु. १७६२४८८/- खरिद गर्ने निर्णय गरी फाइनल सोलुसन प्रा.लि. उर्लावारीबाट २०७७।३।३१ मा खरिद गरी न.पा.को स्टोरमा दाखिला गरी भुक्तानी गरेको पाइयो । सेनिटरी प्याडको स्पेसिफिशेकन स्वीकृत नदेखिएको र २०७६।१२।११ देखि सम्पूर्ण लकडाउन भएको अवस्थामा विद्यालयहरु बन्द रहेकोले आर्थिक वर्षको अन्तमा खरिद गर्नुपर्ने आवश्यकता देखिंदैन । यसरी आवश्यकता वेगर मौज्दातमा राख्ने गरी खरिद गरिदा सामानको गुणस्तरमा समेत ह्रास हुने देखिन्छ । उक्त सामान मस्यौदा प्रतिवेदनको छलफल सम्ममा २३००० प्याकेट विद्यालयहरुमा पठाई बाँकी १४७९ प्याकेट मौज्दातमा रहेको देखियो । विद्यालयहरुमा पठाएको सामान पनि कोभिडको कारणले विद्यालय बन्द भएको अवस्थाले ती सामान उपयोग नभएको अवस्था देखिन्छ । यसरी उपयोग नहुने अवस्थामा बजेट खर्च गर्न मात्रको लागि खर्च गरी अनावश्यक व्ययभार पारेको देखिएको छ । बजेट खर्चलाई उपलब्धीमुलक बनाइनुपर्दछ । उक्त प्याडहरु विद्यालयहरुले आम्दानी गरेको प्रमाण समेत रहेको देखिएन रु. | १०६४८०/- |
| ४१. | नगरपालिका अन्तर्गतका २२ विद्यालयहरुलाई सामाजिक परीक्षण, रिपोर्ट तयारी, वुलेटिन प्रकासन कार्यक्रम संचालन गर्न एकमुष्ठ मा.वि.तह रु.१५०००/- र आ.वि.तह रु. १००००/- का दरले रु. २६५०००/- निकासा पठाएको छ । कोरोना संक्रमणको कारण विद्यालयहरु २०७६।१२।११ देखि पुरै लकडाउन भएकोमा सोही अवधिमा पठाइएका उक्त रकम तोकिएको कार्यमा खर्च गरे नगरेको प्रतिवेदन नलिएकोले कार्य नभए रकम फिर्ता लिनुपर्दछ । सम्बन्धित तोकिएको काममा खर्च भए प्रमाण पेश हुनुपर्ने रु. | २६५०००/- |
| ४१.१. | भौ.नं. ३२९/२०७७/२/६, परीक्षा संचालन गरी खर्च गर्दा स्वीकृत नर्म्सको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले कक्षा ८ को परीक्षा संचालन गर्दा उत्तरपुस्तिका छपाईको कार्य न.पा. तर्फको चालु बजेटबाट गरेको छ । उक्त परीक्षामा विद्यार्थीको मार्कसिट १६०० थान छपाई गरेकोमा १३००० थान मुल कपी र १०००० थान थप कपी छपाई गरी खर्च गरेको समेत देखिएको छ । विद्यार्थी संख्या र परीक्षाको विषयगत आधारमा कपी छपाई गरी खर्च गरे नगरेको यकिन गर्नुपर्दछ । | |
| ४१.२. | भौ.नं. १५२/२०७७/३/२५, उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १२ मा मालसामानको खरिद गर्दा स्पेसिफिकेशनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सनपकुवा मा.वि.मा डेस्कटप कम्प्युटर ९, १ थान ल्यापटप र १ थान प्रिन्टर समेत खरिद समेतका विल समावेश गरी रु. ६५००००/- भुक्तानी गरेकोमा नियमको व्यवस्था बमोजिम विद्यालयले मेशिन औजारको स्पेसिफिकेशन स्वीकृत गरी प्रतिस्पर्धाबाट खरिद कार्य गरेको नदेखिएको अनियमित भुक्तानी रु. | ६५००००/- |
| ४१.३. | आवासीय गैर आवासीय छात्रावृति वापतको रकम विद्यालय खातामा पठाई खर्च गरेकोमा विद्यालयहरु २०७६।१२।११ देखि नै लकडाउन भै सम्पूर्ण विद्यार्थीहरु विद्यालयमा नरहेको अवधिमा दलित छात्रावृति तर्फ रु. १६२८००/- र छात्रावृति तर्फ रु. ९५६०००/- समेत जम्मा रु. १११५८००/- पठाइएको छ । उक्त रकम विद्यार्थीहरुले प्राप्त गरेको र छात्रावृति वितरण गरेको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ रु. | १११५८००/- |
| ४२. | **चौमासिक निकासा** :- कार्यक्रम कार्यान्वयन पुस्तिकको खण्ड २ को मा स्थानीय तहमा वित्तिय | |

स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* आर्थिक वर्ष-२०७६/७७

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हस्तान्तरण भै गएका सशर्त अनुदानका शैक्षिक कार्यक्रमहरुको कार्यान्वयन प्रकृया सम्बन्धि व्यवस्था छ । स्थानीय तहले विद्यालयमा कार्यरत शिक्षकको तलव भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईवाट प्राप्त रकमलाई दरवन्दीमा कार्यरत शिक्षक, अनुदानकोटा (राहत)मा र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुको लागि विद्यालयवाट प्राप्त माग फारम रुजु गरी निकासा दिनुपर्ने व्यवस्था छ । नगरपालिकाले सम्बन्धित विद्यालयमा स्वीकृत दरबन्दि भित्र रही नियमित हाजिर भएका, शिक्षक किताबखानाबाट बार्षिक तलबी प्रतिवेदन पारित गरेका शिक्षकहरुलाई मात्र तलब भत्ता निकासा गर्नुपर्नेमा तलवी प्रतिवेदन पारित भएको पाइएन । लेखापरिक्षणको क्रममा केवल विद्यालयगत कुल निकासा दिएको रु.१०९७३८७७९.७ रकमको तेरिज मात्र उपलब्ध गराईएकोले एकमुष्ट निकासा दिएको उक्त रकम विद्यालयहरुले खर्च गर्दा तोकिएबमोजिम शिक्षकको हाजिरी नियुक्ति अवकास समेत भिडान गरेको तथा कट्टी गर्नुपर्ने कर, कर्मचारी संचय कोष थप, वीमा वापतको रकमहरु र ग्रेड पाउने रकम एकिन गरे नगरेको सम्बन्धमा परीक्षण गर्न सकिएन । आफू मातहतका विद्यालयका शिक्षक कर्मचारीको तलव भत्ता भुक्तानी गर्दा तलवी प्रतिवेदन पारित गराएर तथा अन्य रकम यकिन गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था हुनुपर्दछ । | |

| चौमासिक | विद्यालय संख्या | निकासा रकम | कैफियत |
|---|---|---|---|
| प्रथम | २१ | ३४७३४०८६।६ | • लेखापरिक्षणमा चालु आ.व.मा विभिन्न विद्यालयका ८ जना शिक्षकहरु अवकास भएको विवरण प्राप्त भएकोमा भिडान गर्ने आधार नभएकोले बढी भुक्तानी भए नभएको एकिन हुन सकेन,<br>• २ जना शिक्षकहरु जिल्लान्तर सरुवा भै आएको विवरण प्राप्त भएकोमा निज कुन विद्यालयमा सरुवा भै आएको र निजलाई बढी भुक्तानी भए नभएको एकिन हुन सकेन । |
| दोश्रो | २२ | ३६०८७९९६ | |
| तेश्रो | २२ | ३८९१६६९७।१ | |
| | जम्मा | १०९७३८७७९।७ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४३. | **धुम्ती कोषः** भौ.नं. २१०/२०७६/११/५, अन्य संघ संस्था मार्फत कार्यक्रम संचालन गर्ने गरी निकासा दिएको रकमबाट तोकिएको कार्यमा खर्च भए नभएको संस्थाले नियमित लेखापरीक्षण गराए नगराएको समेतको प्रतिवेदन लिई सोको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मदन भण्डारी स्मृति प्रतिष्ठानलाई उक्त प्रतिष्ठानमा अध्ययनरत विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई प्राविधिक शिक्षा, शैक्षिक सुधार, ऋण, धुम्तीकोष वापत रु. ५०००००/- निकासा गरेकोमा उक्त रकम तोकिए बमोजिम कार्यमा खर्च भए नभएको यकिन गरी प्रतिवेदन प्राप्त गरेको नदेखिएकोले सम्झौताको शर्त अनुसार तोकिएको कार्यमा रकम प्रयोग गरेको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु. | ५०००००/- |
| ४४. | भौ.नं. १३१/२०७७/३/९, शशर्त अनुदानबाट प्राप्त रकम स्वीकृत कार्यक्रम निर्देशिका बमोजिम प्राविधिक धार विद्यार्थीको लागि राधिका मा.वि.लाई ल्याव सहायक र प्रयोगात्मक सामाग्री व्यवस्थापनको लागि प्रति विद्यार्थी लागत अनुमान (९-१२) को संस्था १४१ जनाको उल्लेख गरी रु. २११५०००/- निकासा पठाएकोमा उक्त रकम निकासा गर्दा विद्यालय लकडाउन भै बन्द रहेको र शैक्षिक सत्र २०७७ शुरु नभएकोले विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या भिडान गरी तोकिएको कार्यमा रकम खर्च गरे नगरेको अनुगमन प्रतिवेदन समेत तयार नगरेकोले उक्त रकमको खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्दछ । | |
| | • **प्रदेश शशर्त तर्फः** | |
| ४५. | **विशेष अनुदानः** शशर्त अनुदानबाट प्राप्त रकम खर्च गरी स्वीकृत योजना तथा कार्यक्रममा | |

<table>
<tr><td colspan="3">स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* आर्थिक वर्ष-२०७६/७७</td></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रचलित कानून अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयलाई प्रदेश सरकार प्रदेश नं. १ बाट विशेष अनुदानमा प्राप्त रकमबाट वडा नं.३ मा सालवारी खेल मैदानमा कम्पाउण्ड वालको कार्य गराउन रु. १६६७६६४.८१ को लागत अनुमान स्वीकृत गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी गरेको पाइयो । उक्त कार्यको इष्टिमेटमा २५४९.२५ केजी फलामे डण्डीको कार्य देखाएकोमा उपभोक्ता समितिले काम गरी सामाग्री खपतको विजक समेत पेश भएकोमा कम्पाउण्ड वाल निर्माणमा १२ एम.एम. र ७ एम.एम. साइजको २०८८.२० केजी मात्र विल समावेश गरेको पाइयो । उपभोक्ता समितिलाई डण्डीमा मू.अ.कर सहितको दरबाट २५४९.२५ केजीको रु. २७९८८४/- भुक्तानी गरेकोमा खरिदको विजक अनुसार रु. १७२०००/- को मात्र रहेकोले खरिद गरिएको परिमाण भन्दा बढी परिमाणको भुक्तानी दिएको असुल गर्नुपर्ने रु.</td><td>५०३४८.८५</td></tr>
<tr><td>४६.</td><td>भौ.नं. ०९/२०७७/३/२६, डाँगीछेली कल्भर्ट निर्माण कार्य गराउन मिक्लु कन्ट्रक्सनबाट कार्य गराई भुक्तानी गरेकोमा उक्त कामको सम्झौतामा पि.एस. आइटममा रहेको ल्याव टेष्ट रिपोर्ट वापतको रु. २५०००/- समेत भुक्तानी गरेकोमा निर्माण व्यवसायीले गुणस्तर परीक्षण गराएको टेष्ट रिपोर्ट पेश नभएकोले सो को प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>२५०००/-</td></tr>
<tr><td></td><td>• **कोभिड-१९ तर्फः**</td><td></td></tr>
<tr><td>४७.</td><td>**सहयोग अपिल र प्राप्तीः** नगरपालिकाले कोभिड-१९ संक्रमणबाट उत्पन्न अवस्थामा सहयोग गर्न चाहनेलाई २०७६।१२।१८ को निर्णयानुसार छुट्टै खातामा सहयोग (०६०१७०११५०५८५०५९) खातामा जम्मा गर्ने निर्णयानुसार यो खातामा निम्नानसारका व्यक्ति तथा संस्थाबाट रकम आम्दानी देखाएको छ ।
<table>
<tr><td>व्याडमिन्टन क्लव</td><td>२४०५५</td></tr>
<tr><td>न.पा कर्मचारी</td><td>१७४२३७</td></tr>
<tr><td>ने.क.पा.</td><td>१९२०८०</td></tr>
<tr><td>पार्टी प्यालेस</td><td>१५०००</td></tr>
<tr><td>नेपाल दर्शन कलेज</td><td>१०००००</td></tr>
<tr><td>जनप्रतिनिधि मासिक भत्ताबाट</td><td>८३२५९०</td></tr>
<tr><td>चन्द्र ब. लिम्बु</td><td>५००००</td></tr>
<tr><td>खानेपानी उपभोक्ता संख्या</td><td>१५५०००</td></tr>
<tr><td>नेपाली कांग्रेस</td><td>११२६०५</td></tr>
<tr><td>जनता समाजवादी</td><td>७६०३८</td></tr>
<tr><td>विभिन्न अन्य व्यक्ति</td><td>९९०८०</td></tr>
<tr><td>केवुल नेटवर्क प्रा.लि.</td><td>५१०००</td></tr>
<tr><td>विभिन्न व्यक्तित्व</td><td>१९६१७५</td></tr>
<tr><td>आन्तरिक मामिला तथा कानून मन्त्रालय</td><td>१००००००</td></tr>
<tr><td>**जम्मा**</td><td>**३०७७८६०**</td></tr>
</table></td><td></td></tr>
<tr><td>४८.</td><td>कार्यालयले कोरोना संक्रमण विरामी ओसार पसार कार्यमा आफ्नो एम्बुलेन्स रहेको भएतापनि खड्ग लक्ष्मी थापा स्मृती प्रतिष्ठानको एम्वुलेन्स दैनिक रु. ३०००/- मा भाडामा लिई ५८ दिनको रु. १७४०००/- भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>कार्यालयले ९ वटै वडाहरुमा डिसइन्फेक्सन स्प्रे को कार्य २०७६।१२।७ देखि २५ गते सम्म स्प्रे गाडी भाडा वापत दैनिक रु. ५५००/- खर्च गरी स्प्रे सम्बन्धी कार्य गरेको छ ।</td><td></td></tr>
<tr><td>५०.</td><td>कोरोना संक्रमण नियन्त्रण तथा रोकथाम सम्बन्धी कार्यमा प्राप्त रकम सोही कार्यमा मात्र खर्च गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले १००० थान टि-सर्ट खरदि कार्यमा रु. ५००००/- खर्च गरेको छ ।</td><td></td></tr>
</table>

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| ५१. | **खरिद प्रकृयाः** उर्लावारी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७५ को नियम १४१ मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था छ । नियमावलीको व्यवस्था बमोजिम रु. १० लाख भन्दा बढीको खरिद गरेको भएमा त्यसरी खरिद गरेको विवरण सार्वजनिक सूचना प्रकाशन गरी खरिद अनुमान कार्यालयलाई पठाउनु पर्ने व्यवस्था भएकोमा राहत सामाग्री तथा अन्य कोभिड-१९ सुरक्षा सामाग्रीहरु खरिद गर्दा ३ वटा पार्टीहरुसँग दररेट लिई घटीवालाको खरिद गरेको देखियो । नियममा भएका व्यवस्था पुरा गरी खरिद गर्नुपर्दछ । | |
| ५२. | कोरोना संक्रमण तथा नियन्त्रण सम्बन्धी नेपाल सरकारबाट स्वीकृत निर्देशिकामा कोरोना नियन्त्रण सम्बन्धी कार्यमा प्राप्त रकम सोही कार्यमा मात्र खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले सम्पूर्ण लकडाउन अवधिमा दौडको प्रतिस्पर्धा फिजिकल फिटनेश समेतबाट छनौट गरी १५ जना व्यक्तिलाई २०७७।२।१३ देखि २०७७।३।२० सम्म मासिक रु. १५०००/- भुक्तानी गरी कोरोना प्रहरी छनौट गरी रु. ४८००९०/- खर्च गरेको छ । सम्पूर्ण लकडाउनमा छुट्टै व्यक्तिहरु भर्ना छनौट कार्य गराई खर्च गर्नु उपर्युक्त देखिएन रु. | ४८००९०/- |
| ५३. | **क्वारेन्टिन र आइसोलेशनः** कार्यालयबाट पेश भएको विवरण अनुसार राधिका मा.वि.मा क्वारेन्टिन सेन्टर र मंगलबारे अस्पतालमा आइसोलेशन सेन्टर स्थापना गरी संचालन भई खर्च भएको छ । | |
| ५४. | **राहत वितरणः** कार्यालयले ४ चरणमा राहत वितरण गर्ने कार्य संचालन गरेको र वितरण कार्य २०७६।१२।२३ देखि शुरु भै २०७७।२।२२ सम्मको अवधिमा विभिन्न वडाहरुमा चामल, दाल, तेल, सावुन, चाउचाउ समेतको ३० केजी देखि २५ केजी सम्म चामल र अन्य खाद्य सामाग्रीहरुको प्याकेट तयार गरी वितरण गरेको देखाएको छ । | |
| ५५. | **ज्वरो क्लिनिकः** कार्यालयले मंगलबारे अस्पतालका आइसोलेशन सेन्टर स्थापना गरी संचालन गरेकोमा सो स्थान बाहेक ज्वरो क्लिनिक संचालन गर्न ९ जना स्वास्थ्यकर्मीहरु नियुक्ति गरी ४८ दिनको लागि रु. ३३१२४६/- खर्च गरेको पाइयो । | |
| ५६. | **क्वारेन्टिन निर्माणः** लेखापरीक्षणमा प्राप्त विवरण अनुसार क्वारेन्टिन निर्माण गर्न राधिका मा.वि.लाई रु. १२०५३६/- तथा अन्य सामाग्री खरिद गर्न रु. २०२५९६/- समेत रु. ३२३१३२/- खर्च गरेको छ । क्वारेन्टिनमा रहेका संक्रमितहरुलाई खाना सम्बन्धित जिल्लाको प्रहरीको राशनदरबाट खर्च गर्ने गरी निर्देशिकामा व्यवस्था रहेकोमा कार्यालयले बद्रि गेष्ट हाउसबाट रु. १२७५००/- र भुगुल्ट होटलबाट २०७७।२।२५ देखि २०७७।३।८ सम्मको अवधिमा रु. १६८९००/- गरी जम्मा रु. २९६४००/- क्वारेन्टिनमा रहनेको खाजा खानामा खर्च गरेको छ । औषधि मास्क, सेनिटाइजर, पिपिई, इन्फ्रन्ट थर्मोमिटर, भिटिएम, सर्जिकल ग्लभ्स, लगायतका सुरक्षा र उपचार सामाग्री खरिद कार्यमा रु. २४२४६४३/- खर्च गरेको विवरणबाट देखिएको छ । | |
| ५७. | **जनश्रमदान** - प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७६ (दोश्रो संशोधन) अनुसार उक्त कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत काम गराउँदा भवन र पुलमा उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत र अन्यमा भए कम्तिमा २० प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका अन्तर्गत संचालित यस कार्यक्रम तर्फका योजनाको नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार (भवन र पुल वाहेकका) काममा घटीमात्र जनसहभागिता लिई बढी खर्च गरेकोले नपुग जनसहभागिता वापतको रकम असुल हुनुपर्दछ रु. | ६३९४५८.७ |

| सि.नं. | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने रकम | व्यहोरेको | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|---|
| १. | मनमोहन मार्ग बाटो उ.स. | ११११११४२ | ११०४५०६ | २२०९०१ | ११११११५ | १०९७८६.२ |
| २. | त्रिवेणी मार्ग डिन निर्माण उ.स. | ११७६५०० | ११५०४२२ | २३००८४ | ११०६३८ | ११९४४६.४ |
| ३. | मलामी चौतारा भानुमार्ग राजघाट उ.स. | २७७८००० | २७२१६७९ | ५४४३३६ | २७८४४८.२६ | २६५८८७.५ |
| ४. | स्वास्थ्य चौकी महाविघर शौचालय निर्माण | ११११११२ | ११२२९४ | २२४५८.८ | १११११ | ११३४७.८ |
| ५. | माझी चौक देवी ... मिक्लाजुङ .... | ११११२०० | ११११२०० | २२२२४० | १११२०० | १११०४० |
| ६. | त्रिवेणी मार्ग ड्रेन निर्माण उ.स. | ११७६५०० | ४३९०१४ | ८७८०२.८ | ६५८५२ | २१९५०.८ |
| | **जम्मा** | | | | | ६३९४५८.७ |

५८. **राजस्व रकम ढिला दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ ले कानून बमोजिम प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भए पछि सोही दिन वा सो दिन सम्भव नभए सो को भोलिपल्ट तोकिए बमोजिम लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न वडा र केन्द्रमा नगदै बुझिलिएको राजस्व ऐनले तोकेको अवधि भित्र बैंक दाखिला नगरेको देखिएको छ । सोहि दफामा काबु बाहिरको परिस्थिति परि तोकिएको म्याद भित्र पनि दाखिला नभएमा सोको भोलिपल्ट बैंक दाखिला गरिसक्नु पर्नेमा राजस्व दाखिला हिसावको १० दिन भन्दा बढी ढिलो दाखिला गरेको नमूना छनौट गरी परीक्षण गरेकोमा निम्नानुसार देखिएको छ ।

| भौ.नं./मिति | वडा नं. | अवधि | संकलन रकम | दाखिला रकम | दाखिला मिति |
|---|---|---|---|---|---|
| १९/२०७६/४/२५ | २ | २०७६/४/१-४/२३ सम्म | १७३२५० | १७३२५० | २०७६/४/२३ |
| २१/२०७६/४/२७ | न.पा. केन्द्र | २०७६/४/१३-४/२७ सम्म | १३३६२०.०५ | १३३६२०.०५ | २०७६/४/२७ |
| २६/२०७५/५/४ | ३ | २०७६/४/१-२०७६/४/३१ सम्म | २४७१०२.८६ | २४७१०२.८६ | २०७६/५/४ |
| ३२/२०७६/६/३० | न.पा. केन्द्र | २०७६/६/१६-२०७६/६/३० सम्म | २८८०७३.९४ | २८८०७३.९४ | २०७६/६/३० |
| ४२/२०७६/७/२४ | ६ | २०७६/४/२७-२०७६/६/२९ सम्म | १७३२६४ | १७३२६४ | २०७६/६/३० |
| ४४/२०७६/७/२४ | ५ | २०७६/५/३०-२०७६/६/१० सम्म | १६८३६९.२६ | १६८३६९.२६ | २०७६/७/७ |
| ४५/२०७६/७/२४ | ४ | २०७६/६/२८-२०७६/७/६ सम्म | १३७०१० | १३७०१० | २०७६/७/२१ |
| ४८/२०७६/७/२४ | १ | २०७६/४/१५-२०७६/४/२८ सम्म | १२३९०४ | १२३९०४ | २०७६/७/१७ |
| ५१/२०७६/७/२४ | न.पा. केन्द्र | २०७६/६/१२-२०७६/६/३० सम्म | १७३५३५ | १७३५३५ | २०७६/७/९ |
| ६१/२०७६/८/४ | ९ | २०७६/७/१-२०७६/७/२० सम्म | १२८१७९ | १२८१७९ | २०७६/७/२५ |
| ६२/२०७६/८/४ | ८ | २०७६/७/१-२०७६/७/२० सम्म | १३०४५४.६० | १३०४५४.६० | २०७७/७/२५ |
| ६४/२०७६/८/६ | २ | २०७६/६/११-२०७६/७/३० सम्म | १८५६९३.९७ | १८५६९३.९७ | २०७६/८/६ |
| ७६/२०७६/८/२९ | न.पा. केन्द्र | २०७६/७/१४-२०७६/७/२१ सम्म | ५१८६८९ | ५१८६८९ | २०७६/७/२९ |
| १६०/२०७७/२/३२ | ७ | २०७६/४/१-२०७६/१२/३० सम्म | ३२३६५८३ | ३२३६५८३ | २०७७/१/५ |
| २२०/२०७७/३/३ | ९ | २०७६/१०/२२-२०७७/३/३० सम्म | ५९१९४२.७८ | ५९१९४२.७८ | २०७७/३/२१ र ३/३१ |
| २१४/२०७७/३/३१ | न.पा. .... | २०७६/१२/१-२०७७/३/३० सम्म | १७६७१४२.४६ | १७६७१४२.४६ | २०७७/३/२२-३/३० |





| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| २१०/०७७/३/३१ | ७ | २०७७/३/२२-२०७७/३/३० सम्म | ५१९६२५.१७ | ५१९६२५.१७ | २०७७/३/३० |
| १९८/०७७/३/२८ | ३ | २०७६/५/१-२०७७/३/८ सम्म | ११६४२८८ | ११६४२८८ | २०७७/३/८ |
| १९२/०७७/३/२४ | ७ | २०७७/३/८-२०७७/३/३१ सम्म | ४५५४०४.२१ | ४५५४०४.२१ | २०७७/३/२२ |
| १८५/०७७/३/२२ | ४ | २०७६/७/२१-२०७६/१२/४ सम्म | १४६२१३०.२० | १४६२१३०.२० | २०७६/१२/५ |
| १८४/२०७७/३/२२ | ४ | २०७६/४/२०-२०७६/४/२७ सम्म | ७८०९२.१४ | ७८०९२.१४ | २०७७/३/२२ |
| १८४/२०७७/३/२२ | ४ | २०७६/५/३१-२०७६/६/१० सम्म | १५०८०१ | १५०८०१ | २०७७/३/१५ |
| १७५/२०७७/३/१४ | ७ | २०७७/३/१-२०७७/३/३ सम्म | ३८४५२.५४ | ३८४५२.५४ | २०७७/३/४ |
| १७४/२०७७/३/१४ | ७ | २०७७/३/४-२०७७/३/७ सम्म | ३५४३२.८० | ३५४३२.८० | २०७७/३/१४ |

| | | |
|---|---|---|
| | उपरोक्तानुसार वडा नं. ७ ले आर्थिक वर्षको सुरु दिन देखि चैत्र मसान्त सम्मको राजस्व रकम २०७७।१।५ मा मात्र दाखिला गर्न ल्याएको साथै अन्य वडाहरुको पनि १२ देखि ६० दिन सम्म ढिला गरी दाखिला गरेको र केन्द्रमा संकलन गरेको समेत बैंकमा दाखिला गर्न ढिला गर्ने अवस्था देखिएको संकलित रकम अघिल्लो अवधिबाट बाँकी राखी दाखिला गर्ने वखत अघिल्लो दिनसम्मको रकम थप गरी जम्मा गर्ने गरेकोले ऐनको दफा २८(२) बमोजिम पुनः ढिला दाखिला अवधिलाई यकिन गरी लाग्ने व्याज समेत असुल गर्नुपर्दछ । | |
| ५९. | **म्याद थप वेगर अधुरो कामको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विल विजकको भुक्तानी गर्दा तोकिएको कार्य पुरा गरी सकेपछि वास्तविक सम्पन्न कामको नापी कितावमा प्रमाणित परीमाण माग भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उर्लावारी बहुमुखी क्याम्पस जाने बाटोमा साइड नाला र कालोपत्रे समेतको कार्य गर्न २०७७।२।२५ रु. १७३७२८३/- मा निर्माण व्यावसायी शिव निर्माण सेवासँग २०७७।३।१५ सम्म सबै कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा उक्त ठेक्काको म्याद थप नगरी यो वर्ष कालोपत्रे कार्य नभएतापनि ड्रेनमात्र कामको नाप गरी विल भुक्तानी गरेको र कार्यालयले उक्त कामको रु. ८८८४७६/- भुक्तानी गरेको छ । तोकिएको कार्य पुरा नगरी रु. ८८८४७६/- भुक्तानी गरेको छ । सिमेन्ट कंक्रिटको कार्यको भुक्तानी गरेकोमा सामाग्री परीक्षण रिपोर्ट समेत समावेश गरेको नपाइएको रु. | ८८८४७९/- |
| ६०. | सडक निर्माण सम्बन्धी काम गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार गर्नुपर्ने व्यवस्था छ। अठियावारी (वडा भवन) देखि पश्चिम कल्पना उदास इन्द्रश्रेष्ठ घर अगाडी बाटो ग्राभेल कार्य गर्दा सम्लग्न नापी विवरणमा उक्त कार्य २०७५।७६ मा गरेको कामको नापीमा २३५ मी. लम्वाईमा सवग्रेड तयार गरेकोमा यो वर्ष सवग्रेड तयार नगरेको ७५ मी. लम्वाई क्षेत्रमा समेत ग्राभेल विच्छाएको नापी समावेश गरी १७.१० घ.मी.को रकम रु. २०७२९/- थप भुक्तानी गरेको छ । उक्त योजनालाई नगरसभाले २०७५।७६ बाट क्रमागतमा नदेखाई यो वर्ष थप भुक्तानी गरेको अनियमित रु. | ३२००००/- |
| ६१. | **निर्माण अवधी र खर्चः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्दा काम गर्न लाग्ने अवधि समेत यकिन गर्नुपर्ने व्यवस्था छ । पशुसेवा कार्यालयको ट्रस निमार्ण कार्यको लागि निर्माण व्यवसायी सरोज कन्ट्रक्सन प्रा.लि.सँग २०७७।३।२१ मा सम्झौता गरी २०७७।३।२५ (४ दिन) भित्र कार्य पुरा गर्न सम्झौता गरी उक्त फर्मको २०७७।३।२८ मै फाइनल विल तयार गरी रु. ४८४५१२/- भुक्तानी गरेको छ । निर्माण | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | व्यवसायीले कर विजक २०७७।३।२२ मै जारी गरेको देखिएकोले कामको आवश्ययकता र खर्चको यथार्थता यकिन गर्न सकिएन । | |
| ६२. | **आइटम रेटमा कायम मू.अ.करः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को नियम १०६(४) बमोजिम उपभोक्ता समितिलाई निर्माण कार्यको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । सफल मार्ग ड्रेन निर्माण समितिसँग कामको सम्झौता गर्दा आइटम नं. २.३ (M 10) सिमेन्ट कंक्रिटको कार्य र २.४ को Plum concrete को कार्यको आइटम दरमा मू.अ.कर समेत थप गरी सोही दरबाट सम्झौता गरेको छ । उक्त कामको फाइनल विलमा संलग्न उपभोक्ताको मालसामान खरिद विजकमा वालुवा, गिटी, ढुँगा खरिद मात्रको मू.अ.कर विल समावेश गरी खुद कायम भएको विल तयार गरी भुक्तानी गरेको पाइयो । न.पा.ले लागत अनुमान तयार गर्दा इटा, रड, सिमेन्टमा मू.अ.कर थप गरी इकाइदर कायम गरेकोमा मू.अ.कर लाग्ने बस्तु खरिद विजक वेगरनै ल.ई.मा मू.अ.कर थप नहुने सामाग्रीमा समेत मू.अ.कर विल समावेश गरी बढी भुक्तानी गरेको रकम रु. ८७५४१.५६ असुल हुनुपर्दछ रु. | ८७५४१.५६ |

| आइटम | परिमाण | मू.अ.कर थप समेत लिएको | मू.अ.कर बाहेक हुने दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| २.३ | २९.९५ | ८३२३.२७ | ७८३७.०७ | १४५६१.६९ |
| २.४ | ७०.९३ | ८२९५.३३ | ७२६६.५३ | ७२९७९.८७ |
| | | | जम्मा | ८७५४१.५६ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६३. | **खपत वेगरको सामाग्री भुक्तानीः** २६५/२०७७/३/२७, उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ मा निर्माण सम्बन्धी कामको लागत अनुमान तयार गरी स्वीकृत गर्दा सबै कामको लागि दर रेट सहित स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शंकर ह्युमपाइप इन्डष्ट्रिजबाट ३५ थान ४५० मी.मी. साइजका ह्युम पाइप खरिद तथा ढुवानी समेतको काममा खर्च गरी ५ ट्रिप पाइप सप्लाई गरी स्टोर दाखिला गरेको आधारमा रु. ४५४४२५/- भुक्तानी गरेको पाइयो । त्यसै गरी अन्य सप्लायर्सबाट समेत पाइपहरु खरिद गरी निम्नानुसार रु. २०२४०२०/- थप ह्युम पाइप खरिद गरेकोमा पाइपहरु खरिद गर्नु अगावै लागत अनुमान स्वीकृत गरी स्थान खुलाई मात्र खरिद गर्नुपर्नेमा खरिद गरे पश्चात पाइप खपत गरी कार्य सम्पन्न भएको स्थानको कामको नापजाँच गरी पाइप खपतको स्थिति यकिन गर्नुपर्दछ । | |

| भौ.नं. | बिक्रेता | साइज | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| २६५/२०७७/३/२७ | शंकर ह्युम पाइप इन्ड्रष्टिज | ४५० मी.मी. | ३५ | ४५४४२५ | |
| २६४/२०७७/३/२० | मा दुर्गा कंक्रिट उद्योग | ४५० एम, ९०० एम | ३७ | २७०६७० | |
| २६०/२०७७/३/२७ | जय श्री कंक्रिट उद्योग ह्युम पाइप खरिद | ४० | ४७ | १२९८९२५ | रु. ५०००००/- ने.स. शर्शत श्रोत |
| | | | जम्मा | २०२४०२० | |

पाइपको खपत हुने स्थान र लागत अनुमान स्वीकृती नगरी निर्माण सामाग्री खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६४. | सार्वजनिक खरिद निमयावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई मू.अ.कर बाहेकको रकम मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आइटम रेटमा मू.अ.कर समावेश गरी उपभोक्ता समितिसँग सोही दरमा कार्य गराई भुक्तानी गरेकोमा नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार बढी भुक्तानि दिएकोले अन्य कामको समेत यस्तो रकम यकिन | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गरी बढी देखिएमा असुल हुनुपर्दछ रु. | ६१२४५.३ |

| योजनाको नाम | कामको विवरणण | परिमाण | आइटममा मू.अ.कर सहितको दर | मू.अ.कर बाहेकको दर | बढी भुक्तानी दर | रकम |
|---|---|---|---|---|---|---|
| दुर्योधनको घर उत्तर सुनौलो मार्ग साइडवाल | M10115 | १४.७० | ८३२३.२७ | ७८३७.०७ | ४८५.२० | ७१३२ |
| | Plump concrete | ५२.६० | ८२९५.३३ | ७२६६.५३ | १०२८.७७ | ५४११३.३० |
| | | | | | जम्मा | ६१२४५.३ |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६५. | **जनश्रमदान कट्टी नगरी भुक्तानीः** २४९/२०७७/३/२५, उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को नियम १०६(३) मा उपभोक्ता समिति मार्फत कार्य गराउदा तोकिए बमोजिमको जनश्रमदान समेत खुलाई सम्झौता गर्नुपर्ने र सम्झौतामा तोकिएको दर २० प्रतिशतले कामको भुक्तानी गर्दा जनश्रमदानको अंश कट्टा गर्नुपर्ने व्यवस्था छ । बक्राहा पारी शौचालय निर्माण उर्लावारी ४ (सि.नं. ४५४) को काम उपभोक्ता समितिबाट गराई भुक्तानी गरेकोमा अन्तिम विल सम्म रु. १०००१२०.३१ भुक्तानी गर्दा लागत सहभागिता कट्टी नगरी भुक्तानी गरेकोले छुट रकम रु. १५००१८/- असुल हुनुपर्दछ रु. | १५००१८/- |
| ६६. | **विस्तृत ड्रइङ डिजाययन स्वीकृती वेगरको खर्चः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को नियम ११ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत ड्रइङ डिजायनको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले व्याटमिन्टन कोर्ट कर्भड हल निर्माण कार्य गर्न वडा नं. ६ मा उपभोक्ता समिति मार्फत शुरु गरेकोमा उक्त कर्भड हलको डिटेल इन्जिनियरीङ डिजायन वेगर नै क्वान्टिटी मात्र गणना गर्दै निर्माण कार्यमा यो वर्ष समेत रु. १५६४४७१/- भुक्तानी गरेको छ । डिटेल इन्जिनियरीङ डिजायन स्वीकृती वेगरको काममा खर्च गरेकोले नियमित देखिएन रु. | १५६४४७१/- |
| ६७. | **प्रतिस्पर्धा वेगरको खरिदः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को नियम १४१ मा विशेष परिस्थितिमा खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यालयले २०७७।३।८ मा कार्यपालिका बैठकको निर्णयको आधारमा कोभिडको कारण तेश्रो पटक सूचना प्रकाशन गर्न नसकिएको, दरभाउपत्रबाट खरिद गर्ने सूचना गर्ने समय अभावको कारण देखाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेषपरिस्थितीको उल्लेख गरी कार्यपालिकाको २०७७।३।८ को निर्णयको आधारमा योजनाको अनुगमनमा जान तत्काल मोटरसाइकल खरिद गर्नुपर्ने अवस्था देखाई नगरप्रमुखबाट २०७७।३।२६ मा खरिद सम्बन्धीको निर्णय गरी अग्नी इन्टरप्राइजेजबाट प्रति गोटा रु. २२८४००/- SZRR 150 cc को ६ थान मोटरसाइकल खरिद गरी रु. १३७०४००/- मा खरिद गरी भुक्तानी गरेको छ । कार्यक्रम स्वीकृत गरी प्रतिस्पर्धाबाट गर्नुपर्ने कार्य विशेष परिस्थितिको आधारबाट खर्च गरेको व्यहोराको मस्यौदा प्रतिवेदन दिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गरी प्राप्त रायको आधारबाट खरिद गरिएको र उक्त खरिदको जानकारी सार्वजनिक अनुगमन कार्यालयले दिई खरिद गरेको प्रतिक्रिया प्राप्त भएको छ । खरिद सम्बन्धी कार्य खरिद योजनामा स्वीकृती चौमासिकमा र प्रतिस्पर्धाबाट गर्नुपर्दछ । | |
| ६८. | **सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. १३ लाख ७० हजार सवारी साधन खरिदमा खर्च गरेको छ । | |
| ६९. | **नापी वेगरको भुक्तानीः** उर्लावारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७५ को निमय १२७ मा रनिङ विलको भुक्तानी गर्दा नापी कितावमा भएको वास्तविक कामको मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निर्माण व्यवसायी मिक्लु कन्ट्रक्सनको खड्ग श्रेष्ठ घर अगाडी देखि वाणिज्य टोल सम्मको सडक कालोपत्रे कार्यको खरिद सम्झौता अनुसार रु. २२९७१७७/- रहेकमा यो वर्ष सम्झौता अनुसारको रकम भुक्तानी भै सकेकोमा कार्यसम्पन्न अभिलेख तयार गरी स्वीकृत नगरेको साथै विल भुक्तानी गर्दा संलग्न नापी किताव अनुसार अन्तिम विलबाट निम्नानुसार आइटमको भुक्तानी गरेकोमा नापी कितावमा काम गराएको क्षेत्रफल (Area) सहितको नापी नदेखाई र प्रमाणित वेगरको भुक्तानी दिएकोले वास्तविक परिमाण यकिन नभएको रु. | १२४१४७०.८४ |

| आइटम | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| २ ल्याव टेष्टिङ रिपोर्ट | २०००० | विटुमिनको परीक्षण रिपोर्ट समावेश नभएको |
| प्राइम कोट | २१४३८६ | |
| ... | १९६१६०.८४ | |
| प्रिमिक्स | ६४८००० | |
| स्याण्डसिल | १६२९२४ | |
| **जम्मा** | १२४१४७०.८४ | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६९.१. | ल्याव टेष्टिङ वापतको रकम भुक्तानी गरेकोमा निर्माण व्यवसायीले टेष्टको प्रमाण पेश नगरी भुक्तानी दिएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | २००००/- |
| ७०. | **सडक वार्ड तर्फः** स्थानीय सरकार संचालन ऐन २०७४ को नगरसभाबाट पारित योजना तथा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । सडक वोर्ड तर्फको सहयोगबाट निर्माण गरिने दुर्गापुरी- वरपिपल सडक खण्डमा ग्राभेल विच्छाई कन्ट्रकसन गर्ने कार्यको दर विश्लेषण गरी दर कायम गर्दा रोलरबाट गराउने गरी २०७५।७६ मा लागत अनुमान स्वीकृत गरेको छ । उपभोक्ता समितिसँग सोही दरमा २०७६।१।३१ मा सम्झौता गरी कारय गर्न २०७६।३।१०सम्मको म्याद रहेको पाइयो । लागत अनुमान बमोजिम रु.१९२०४८१.०६ रहेकोमा सोही बरारको काम २०७६।२।२४ मा पुरा गरेको कार्यसम्पन्न नापी र विल समावेश गरी यो वर्ष मात्र योजनाको अन्तिम किस्ता उल्लेख गरी रु.१५८८३९९/- भुक्तानी गरेको छ। उपभोक्ता समितिबाट गराउने कार्यमा हेभी मेशिनरी प्रयोग गरी योजना संचालन गरेको, उक्त कामको भुक्तानी बाँकी विवरण प्रमाणित नगरेको र सम्झौता फाइल पेश भएन । सडक वोर्ड नेपालबाट अन्तिम किस्ता वापत रु.१३४४३३६/- निकासा गरेकोमा कामको गुणस्तर परीक्षण रिपोर्ट वेगर रु.१२८८३९९/- मात्र खर्च गरिकोले बाँकी रकम सडक वोर्लाई फिर्ता गर्नुपर्ने रु. | ५५९३७/- |
| ७१. | **अधुरा आयोजना** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष मंगलवारे अस्पताल ओटी भवनको कार्य गर्न रु.५०६५०२३/- को लागत अनुमान स्वीकृत गरी उक्त कार्य गर्न उपभोक्ता समितिलाई रु. | |

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| | १० लाख पेश्की उपलब्ध गराएको छ । उपभोक्तिले २०७६।६।४ सम्ममा रु.९७६३३७/- को मात्र कार्य गरेको नापजाँच गरी बाँकी रकम रु.२३१६४/- फिर्ता दाखिला गरी पेश्की फछ्र्यौट गरेको छ । इष्टिमेट अनुसारको बाँकी कार्य पुरा भए नभएको यकिन गर्न सकिएन । इष्टिमेट अनुसारको कार्य नगराएको र उपभोक्ताको कामको मात्र भुक्तानी गरेको कारण स्पष्ट देखिएन । सोही अस्पतालमा स्वास्थ्य कार्यालय मोरङबाट समेत विभिन्न निर्माण सम्बन्धी कार्य गराई भुक्तानी गरेकोले एकै कामको दोहोरो भुक्तानी भए नभएको समेत यकिन गर्नुपर्दछ । | |
| ७२. | **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा खेल मैदान, चिल्डेन पार्क निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १७ जनालाई रोजगारी उपलव्ध गराई रु. ३३०८९०/- खर्च गरेको छ । लक्षित वर्गलाई १० दिनदेखि २७ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ७३. | **रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ। स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ। | |
| | • **सामाजिक सुरक्षातर्फ(ब.उ.शी.नं.३१४०१०१२३)** | |
| ७४. | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । | |
| ७५. | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट निकासा रु. १६९८२७४००/- प्राप्त भएकोमा सबै खर्च देखाईएको आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ । बैक पठाईएको Forward Feed को परिक्षण गर्दा देखिएको व्यहोरा निम्नानुसार छन: | |

| स्थानीय तहको नामः *उर्लावारी नगरपालिका* | | आर्थिक वर्ष-२०७६/७७ |
|---|---|---|
| **दफा नं.** | **लेखापरीक्षणबाट देखिएका व्यहोरा** | **बेरुजू रकम** |
| ७६. | **वर्षान्तमा बैंक मौज्दात :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा बैंक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा रु.१६९८२७४००/- निकासा दिएकोमा लेखापरीक्षणको क्रममा पेश भएको बैंकको चौमासिकगत Forward Feed परीक्षण गर्दा जम्मा रु.१४९४६७२००/- मात्र लाभग्राहीको खातामा रकम दाखिला गरेको देखियो । लाभग्राहीको खातामा दाखिला गरेको रकम घटाई संघीय संचितकोष फिर्ता गर्नुपर्ने रकम मध्ये बैंकले विभिन्न मितिमा भत्ता वितरण गरी बाँकी रहेको मौज्दात जनाई रु.१९६४९८७५/- बेरुजु खातामा दाखिला गरेको प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन आएको छ । फिर्ता गरेको रु.१९६४९८७५/- बाहेक बाँकी रु.४४०२५००/- समेत संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने देखिएको जम्मा रु... | ४४२०५००/- |

| बैंकको नाम | वडा नं | निकासा रकम | कुल खर्च रकम Forward feed अनुसार | खर्च घटाई मौज्दात रकम | बैंकले बेरुजु खातामा फिर्ता दाखिला गरेको | संघीय संचित कोष फिर्ता हुनुपर्ने थप रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ससकोशी | १ र ९ | ४२८०६६०० | ३८९९९००० | ३८०७६०० | ४३७८००० | ० | भौ.नं.१६५१४६२०-२०७७।८।१०मा बेरुजु (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । फिर्ता गर्नुपर्ने रकम भन्दा बढी फिर्ता गरेको रकम एकिन गर्न सकिएन । |
| कनकाई | २ र ३ | ४१४५७२०० | ३५४८४८०० | ५९७२४०० | ५८२३९०० | १४८५०० | भौ.नं.१६२२२७९३-२०७७।७।२४ मा बेरुजु (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । |
| मितेरी | ४ | २३२१३६०० | २०५०४६०० | २७०९००० | ३८३९१७५ | ० | भौ.नं.१७२३४८११-२०७७।९।६मा **आ.व.७५।७६** को मौज्दात रु.७९१२००/- समेत बेरुजु (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । फिर्ता गर्नुपर्ने रकम भन्दा बढी फिर्ता गरेको रकम एकिन गर्न सकिएन । |
| कुमारी | ५ र ६ | २२२१५४०० | १८८७६६०० | ३३३८८०० | ३२५०८०० | ८८००० | भौ.नं.१६४२५२९५-२०७७।८।८ मा बेरुजु (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । |
| एन.एम.बी | ७ | २०१०५८०० | १६७९६२०० | ३३०९६०० | १८७२८०० | १४३६८०० | भौ.नं.१६४७७९१०-२०७७।८।९मा बेरुजु |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । |
| एन.आई. सी एशिया | ८ | २००२८८०० | १६८१४४०० | ३२१४४०० | ४८५२०० | २७२९२०० | भौ.नं.१६५७४००५-२०७७।८।१६मा बेरुजु (१५१११) दाखिला भएकोमा सोही मितिमा निकासा फिर्ता (१५११२) को भौचर समेत रहेको । |
| | | | | | | **जम्मा** ४४०२५०० | |

| दफा नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७७. | सप्तकोशी डेभलपमेण्ट बैंक लिमिटेडलाई वडा नं.१ र ९ र मितेरी डेभलपमेण्ट बैंकलाई वडा नं. ४ को ३ वटै चौमासिकमा निकासा भएको कुल रकम क्रमशः रु.४२८०६६००/- र रु.२३२१३६००/-मध्ये बैंकले लाभग्राहीको खातामा जम्मा गरेको रकम क्रमशः रु. ३८९९९०००/- र रु.२०५०४६००/-घटाई आ.व.को अन्त्यमा क्रमशःरु.३८०७६००/- र रु.२७०९०००/- फिर्ता गर्नुपर्नेमा सप्तकोशीले २०७७/८/१० मा रु.४३७८०००/- र मितेरीले २०७७/९/६ मा रु.३८३९१७५/- (आ.व.७५।७५ को रु.७९१२००/- समेत) नगरपालिका मार्फत बेरुजु खातामा दाखिला गरेको देखिएकोमा सो सम्बन्धमा नगरपालिकाले थप छानबीन गरी फिर्ता गर्नुपर्ने रकम भन्दा बढी रकम के कति कारणले फिर्ता हुन आएको हो सो सम्बन्धमा एकिन गर्नुपर्दछ । | |
